
साधना अधिकारी

# निर्वाचित जनप्रतिनिधि



**जन्म : वि. सं. १९८२ साउन**

**मृत्यु : वि. सं. २०६२ वैशाख ११**

नेपालमा महिला आन्दोलनको जग बसाल्ने थोरै यस्ता महिला व्यक्तित्वहरू हुनुहुन्छ, जसले मुलुकको समग्र प्रजातान्त्रिक आन्दोलनलाई नै प्रभावित पार्नुभएको छ। मुलुकको सिङ्गो प्रजातान्त्रिक आन्दोलनमा उहाँहरूले पुऱ्याउनुभएको योगदान इतिहासका पानामा स्वर्णिम अक्षरले लेखिएको छ। त्यसै पङ्क्तिकी एक बलियो खम्बाको नाम हो- साधना अधिकारी (प्रधान)। उहाँले नेपालको महिला आन्दोलनलाई सङ्गठित, संस्थागत र एकताबद्ध बनाउन आजभन्दा ५५-६० वर्षअघि जुन योगदान दिनुभयो, त्यसलाई कदापि भुल्न सकिँदैन। नागरिकको मुख थुनेर सुरक्षित भएको ठान्ने राणाहरूको होसहवास उडाउने क्रान्तिकारी महिलाहरूमा उहाँ पनि पर्नुहुन्छ। २००४ सालमा स्थापित नेपाल महिला सङ्घको निर्माणमा होस् वा पछि नेपाल महिला सङ्गठनका रूपमा त्यसको पुनर्गठनमा होस्, साधना सधैं सक्रिय रहनुभएको थियो।

नेपालमा पहिलोपटक भएको बालिग मताधिकारको अभ्यासमा साधना अधिकारीले अद्वितीय बाजी मार्नुभएको थियो। ०१० भदौ २७ मा भएको काठमाडौं नगरपालिकाको निर्वाचनमा भर्खरै स्थापित नेपाल कम्युनिस्ट पार्टीका तर्फबाट साधना वडाअध्यक्षमा निर्वाचित हुनुभएको थियो। वडा नं. ८ बाट साधनाले १ हजार २७ मत प्राप्त गरी निर्वाचन जित्नुभएको थियो। त्यतिबेलासम्म मुलुकमा अपरिचित रूपमा रहेका कम्युनिस्टहरूलाई समाजमा स्थापित गर्न त्यस घटनाले ऐतिहासिक भूमिका निर्वाह गरेको थियो। राजनीतिक चेतना, क्रियाशीलता र प्रतिबद्धताका आधारमा साधना नै नेपालमा सबैभन्दा अघि देखा पर्ने महिला हुनुहुन्छ। विश्वका धेरै मुलुकमा महिलालाई मताधिकार नभएको र नेपालमै पनि महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा पनि होइन, दर्जाविहीन मान्छेको रूपमा हेर्ने बेलामा साधना जनप्रतिनिधि चुनिनु चानचुने कुरा थिएन। नेपालको मताधिकारको राजनीतिमा कसैले निर्माण गर्न नसक्ने स्थान निर्माण गर्नुभएकी साधना पहिलो निर्वाचित जनप्रतिनिधि भएका कारण नेपाली महिलाका लागि सधैँभरि प्रेरणा र उत्साहको स्रोतका रूपमा स्थापित हुनुभएको छ। प्रजातान्त्रिक प्रक्रियामा

सर्वाधिक महत्त्व राख्ने निर्वाचनमा पहिलोपटक निर्वाचित भएर साधनाले महिलाहरू कमजोर छैनन् भन्ने कुरा आजभन्दा ५२ वर्षअघि नै स्थापित गरिसक्नुभएको थियो।

साधना नेपाल महिला सङ्घको स्थापनासँगसँगै कम्युनिस्ट पार्टीको सम्पर्कमा पुग्नुभएको थियो। ००७ सालमा उहाँले नेपाल कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएको थियो। त्यसपछि नेपाल कम्युनिस्ट पार्टीसँगको उहाँको सानिध्यता जीवनभरि छुटेन। कम्युनिस्ट नेता मनमोहन अधिकारीसँग ०१० सालमा वैवाहिक सूत्रमा बाँधिएपछि उहाँको त्यो अविचलित यात्रा जारी रह्यो। उहाँको विवाह पनि राजनीतिक सम्पर्क र निर्णयका आधारमा भएको हो। कट्टर ब्राम्हणका छोरा मनमोहन र नेवारकी छोरी साधनाको विवाह परम्परागत संस्कार र मान्यतालाई अनुशरण गरेको भए सम्भव थिएन। तर, परम्परागत रूढी सामाजिक मान्यताहरू भत्काउने मात्र होइन, नयाँ समाजको निर्माण गर्ने शपथ खाएर कम्युनिस्ट बनेका सहयात्रीहरूले त्यसलाई महत्त्व दिनुभएन, जसका कारण पारिवारिक र सामाजिक बन्धनका बाबजुद उहाँहरू वैवाहिक सूत्रमा बाँधिनुभयो। कतिपय पारिवारिक कारणहरूले प्रत्यक्ष आन्दोलनमा सहभागी हुन नसके पनि आन्दोलनप्रतिको उहाँको सम्पर्क र सम्बन्ध जीवनभरिं जीवित नै रह्यो।

००४ सालमा राणाशासनविरोधी जुलुसमा भाग लिएबापत साधनाले राणाशाहीको जेल यातना भोग्नुपर्‍यो। सात दिनको कस्टडी यात्राले साधनालाई राणाशासनप्रति अझै कठोर हुन प्रेरित गर्‍यो। महिलाहरूलाई राणाविरोधी आन्दोलनमा सहभागी गराउने उहाँको अभियानले त्यसपछि झनै गति पायो। दौडधुपका अलावा साधनाले त्यतिबेला बौद्धिक कामहरू पनि गर्नुभएको थियो। नेपालमा पत्रकारिताले बामे सर्दै गर्दा उहाँ *महिला* पत्रिकाको सम्पादक बन्नुभएको थियो। त्यतिबेलाकी सक्रिय, उत्साही र जुझारु सहयोद्धाहरू कामाक्षादेवी, चम्पादेवी, श्रीमायालगायतको सहयोगमा उहाँले यो पत्रिका निकाल्नुभएको थियो। तर, तत्कालीन परिवेश र आर्थिक समस्याका कारण त्यो पत्रिका

एक वर्षभन्दा बढी टिक्न सकेन । ०५७ फागुन २५ गते अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले उहाँको योगदानको कदर गर्दै उहाँलाई पहिलो महिला सम्पादकका रूपमा सम्मान गरेको थियो । साधना ०५६ को 'पारिजात सङ्घर्षशील नारी पुरस्कार' बाट पुरस्कृत हुनुभएको थियो ।

राजनीतिमा क्रियाशील हुने चाहना हुँदाहुँदै पनि साधनामा थपिएको पारिवारिक उत्तरदायित्वले त्यसलाई किच्यो । यसबारे उहाँको आफ्नो स्वीकारोक्ति यस्तो छ- "हुन त मलाई धेरै साथीले भन्छन्- 'तँ राजनीतिमा लागिनस्, घर हेरेर, जागिर खाएर बसिस् ।' तर, त्यो मेरो बाध्यता थियो र मलाई त्यसमा कुनै पश्चाताप पनि छैन । किनभने, मैले पारिवारिक दायित्व, आर्थिक उत्पादन र छोराछोरीको शिक्षामा ध्यान नदिएकी भए आज कमरेड मनमोहनको सम्मान र प्रतिष्ठाको पत्तो हुँदैनथ्यो होला । मैले धैर्य गरेर उहाँलाई साथ दिँदा उहाँ जे हुनुभयो, त्यसमा म गौरव गर्छु र त्यसलाई आफ्नो पनि हिस्सा सम्झिएकी छु ।" छोराछोरीको शिक्षा र परिवार सञ्चालनका लागि साधनाले तीन दशकसम्म विराटनगरको बालिका माध्यमिक विद्यालयमा पढाएर मनमोहन अधिकारीलाई सबै पारिवारिक समस्याबाट पूर्णतः मुक्ति दिनुभएको थियो ।

मनमोहनको विराट व्यक्तित्वका अगाडि साधनाको भूमिका कम देखिनु अस्वाभिक थिएन । तर, मनमोहनको राजनीतिक जीवनलाई अघि बढाउन साधनाले आफ्नो ठाउँबाट बाचुन्जेल प्रयत्न गर्नुभयो । यद्यपि, आफ्नो भूमिकाबारे साधनाको भनाइ थियो- "अरूको नामले आफ्नो इतिहास बन्दैन, आफैँ मिहिनेत गर्नुपर्छ । अझ महिलाहरू त आर्थिक रूपले सबल भएर अगाडि नआएसम्म सामाजिक रूपमा प्रतिस्पर्धा गर्न सक्दैनन् । त्यसैले प्रतिस्पर्धाको मूल आधार नै आर्थिक आत्मनिर्भरता हो । त्यसपछि मात्र अन्य अवसर र चुनौतीको सामना गर्न सकिन्छ ।"

परिपक्व र व्यावहारिक साधना विचारमा जति दृढ हुनुहुन्थ्यो, व्यवहारमा त्यति नै मिलनसार र सहृदयी हुनुहुन्थ्यो । उहाँका बारेमा

सहकर्मी स्नेहलताको मूल्याङ्कन छ- "साधना दिदी साँच्चिकै साधना हुनुहुन्थ्यो । उहाँले कहिल्यै कसैलाई नराम्रो भन्नुभएन। कसैको नराम्रो कुरा गर्नुभएन। सबैलाई माया गर्ने साह्रै सौम्य र बिर्सनै नसक्ने गुण थियो उहाँको।" पार्टी पङ्क्तिमा अत्यन्तै आदर र श्रद्धाका साथ साधनाको नाम लिने गरिन्थ्यो ।

साधनाको जन्म सम्वत् १९८२ को साउनमा काठमाडौँको असनमा भएको थियो। छ वर्षकै उमेरमा आमाको वात्सल्यबाट वञ्चित साधनाको बाल्यकाल बुबा शङ्करलाल प्रधानका साथ बर्मा (म्यान्मार) मा बित्यो। उहाँका बुबा व्यापारका सिलसिलामा बर्मा पुग्दा साधनाहरू पनि सँगै जानुभयो। साधनाले विद्यालय शिक्षाको आरम्भ पनि बर्मामै गर्नुभएको थियो। विनाशकारी रूपमा देखा परेको दोस्रो विश्वयुद्धका प्रभावहरू चौतर्फी रूपमा पर्ने क्रममा बर्मा पनि अछुतो रहेन। त्यसबाट जोगिन सम्वत् २००१ मा दाजुभाइ र बहिनी सहानाका साथ साधनाहरू नेपाल फर्किनुभयो ।

साधना जोखिम मोलेर नेपाल आउँदा मुलुकभित्र राणाशासनका विरुद्ध क्रमशः झिल्काहरू देखा पर्न थालिसकेका थिए। त्यही लहरमा साधना पनि जनताको पक्षमा उभिनुभएको थियो। महिला सचेतनता र अधिकारका बारेमा संवेदनशील र प्रतिबद्ध रहनुभएकी साधनाले आफ्नो शिक्षाबारे यसरी उल्लेख गर्नभएको छ- "मैले बर्मामै कक्षा आठसम्म पढिसकेकी थिएँ र केही सामाजिक-राजनीतिक कुरा पनि बुझिसकेकी हुनाले नेपालमा जहानियाँ राणाशासनको दमन र अत्याचार स्वीकार्न गाह्रो भयो। नेपालमा त्यतिखेर स्त्री शिक्षा प्रतिबन्ध थियो। मेरो भाइ (शङ्करप्रसाद) दरबार हाइस्कुलमा पढ्न जान्थ्यो तर म र मेरी बहिनी (सहाना) स्कुल जान पाउँदैनथ्यौँ। हाम्रा बुबाचाहिँ छोरी पढाउनुपर्छ भन्ने मान्यतामा हुनुहुन्थ्यो। हामी दुवै दिदीबहिनी घरमै पढ्थ्यौँ। ००४ सालमा प्रवेशिका परीक्षा दिने बेला भयो। त्यसअगाडि कोही पनि छोरीमान्छेले पढेर प्रवेशिका परीक्षा दिएका थिएनन्। तर, त्यसपटक म, सहाना, अङ्गुरबाबा र भुवनसिं चार जनाले प्रवेशिका परीक्षा दियौँ। राणाकालीन

समयमा हामी छोरीमान्छे त्यसरी परीक्षा दिन गएको सुनेर मानिसहरू चोटा र कौसीमा निस्केर रमिता हेरेका हेरै थिए। ००७ सालपछि मात्र छोरीहरू खुला रूपमा कन्या मन्दिरमा पढ्न जान थाले।"

शिक्षाका कारण उत्पन्न चेतना र जागरुकताले साधनालाई राजनीतितर्फ डोऱ्यायो, जसका कारण व्यापारिक पृष्ठभूमिको परिवारबाट उहाँ कठिन राजनीतिक महायात्रामा सामेल हुनुभयो। यसको पृष्ठभूमिबारे उहाँको कथन छ- "जहानियाँ राणाशासनको चरम दमनले हामीलाई थाहै नपाई राजनीति सिकायो। ००४ सालमा महिलाले पनि मताधिकार पाउनुपर्छ भनेर हामी सत्याग्रहमा भाग लिएका थियौँ। त्यसै समय म, सहाना, स्नेहलता र कनकलता गिरफ्तारसमेत भयौँ र हामीलाई सात दिन हिरासतमा राखियो। तर, हाम्रो माग पूरा भयो। ००४ सालमै हामीले महिला सङ्घ पनि गठन गऱ्यौँ। पछि ०१० सालमा सम्पन्न चुनावमा काठमाडौं नगरपालिकामा सबैभन्दा धेरै मत पाएर म विजयी भएकी थिएँ।"

मनमोहन अधिकारी प्रवासमा रहँदा होस् वा जेलमा, संसद्मा रहँदा होस् वा प्रधानमन्त्री हुँदा, साधनाले कुनै अस्वाभाविकता प्रदर्शन गर्नुभएन। मनमोहन प्रधानमन्त्री हुँदा पनि एउटा साधारण नागरिकका रूपमा साधनाले आफ्नो छवि निर्माण गर्नुभयो। नेपालमा सङ्गठित आन्दोलनको प्रारम्भकालीन नेतृ साधनाको निधन ०६२ वैशाख ११ गते भयो। उहाँको मूल्याङ्कन गर्दै नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले भन्नुभएको छ- "अधिकारी नेपालको महिला आन्दोलन र प्रजातान्त्रिक आन्दोलनकी अग्रणी योद्धा हुनुहुन्थ्यो। निरङ्कुश जहानियाँ राणाशासन र सामन्तवादले जकडिएको तत्कालीन नेपालमा महिलाहरू घरबाहिर निस्की सामाजिक सुधार र राजनीतिक परिवर्तनका निम्ति क्रियाशील हुनु ठूलो चुनौती र साहसको काम थियो। त्यसमा पनि जनतालाई दास, रैती र कमारा ठान्ने एवम् देशलाई आफ्नो बिर्ता ठान्ने तथा सबै किसिमका प्रजातान्त्रिक र मौलिक अधिकार हनन गरेर निरङ्कुश हुकुमी शासन लादेको सामन्ती राणाशासनविरुद्ध सङ्घर्षमा

उत्रने आँट गर्नु कम जोखिमको कुरा थिएन। त्यस्तो चुनौतीपूर्ण, साहसिक, राजनीतिक र सामाजिक अभियानबाट उहाँले आफ्नो राजनीतिक यात्रा सुरु गर्नुभएको थियो।"

प्रजातन्त्रप्रति साधनामा नामजस्तै साँच्चै अथक साधना थियो। जीवनभर आफ्नो प्रतिबद्धतामा अटल र अविचलित रहनुभएकी साधना अहिलेको पुस्ताका लागि एक असल गुरु हुनुहुन्छ। उहाँका ऐतिहासिक योगदानहरू नेपाली इतिहासमा सुरक्षित रहेका छन्, जसले आजको पुस्तालाई उत्साहित र प्रेरित गरिरहने विश्वास गर्न सकिन्छ।

◆